# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ बाबियाचौर, म्याग्दी, संख्या : ३ मिति : २०८३ साल भाद्र १५

भाग-२

## मंगला गाउँपालिका

## मंगला गाउँपालिकाको प्रसुती विदामा स्वयंसेवक/सट्टा शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

प्रस्तावना :

मंगला गाउँपालिका क्षेत्रभित्र रहेका सामूदायिक विद्यालयहरुको स्वीकृत दरबन्दीमा कार्यरत महिला शिक्षक तथा विद्यालय कर्मचारीहरु प्रसुती हुँदाका बखत प्रसुती हुनु अघि वा पछि दिइने ९८ दिनको विदाका समयमा प्रसुती हुने महिला शिक्षकको सट्टामा राखिने स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि मंगला गाउँपालिकाको प्रसुती विदामा स्वयंसेवक/सट्टा शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ तयार गरी लागु गरिएको छ ।

मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ (१) अनुसार यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "मंगला गाउँपालिकाको प्रसुती विदामा स्वयंसेवक/सट्टा शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रसुती स्वंयसेवक शिक्षक तथा कर्मचारी" भन्नाले भित्र रहेका सामूदायिक विद्यालयका महिला शिक्षक तथा कर्मचारी प्रसुती हुँदा दिने ९८ दिनको प्रसुती विदामा राखिने शिक्षकलाई सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ग) "जगेडा कोष" भन्नाले सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारीको पारिश्रमिक व्यवस्थापनको लागि गाउँपालिकाबाट आर्थिक व्यवस्थापन गर्न खडा गरिएका आर्थिक कोष सम्झनु पर्दछ । सो शब्दले गाउँसभाबाट स्वीकृत सालबसाली कार्यक्रम र बजेटलाई समेत जनाउँदछ ।

(घ) "छनौट समिति" भन्नाले स्वीकृत दरबन्दीमा प्रसुती शिक्षक तथा कर्मचारीको सट्टामा ९८ दिनको लागि तोकिएको कार्य गर्न स्वयंसेवक शिक्षक तथा कर्मचारी छनौट गर्ने समितिलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिकालाई सम्झनुपर्दछ ।

(च) "शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउँदछ ।

३. **उद्देश्य :**

(१) विद्यार्थीको पठनपाठनलाई निरन्तरता दिई शैक्षिक क्षति न्युनिकरण गर्नुको साथै विद्यालय प्रशासनिक कामकाजलाई सहज बनाउने,

(२) नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान र संरक्षण स्वरुप महिलामैत्री सहयोगात्मक वातावरण सिर्जना गर्ने,

## परिच्छेद-२
## प्रसुती सट्ट शिक्षक व्यवस्थापन विधि

४. **प्रसुती विदा स्वीकृत गर्ने सम्बन्धमा :**

(१) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा (१३) र मौजुदा शिक्षा नियमावली, २०५९ को नियम १०६ उपनियम १ (घ) अनुसार अन्ठानब्बे दिन

प्रसुती विदा लिन चाहने महिला शिक्षक तथा कर्मचारीले प्रसुती हुनु अगावै वा प्रसुती अवस्थामा स्वास्थ्य संस्थाबाट सिफारिस गरिएको पूर्जा सहित विद्यालय व्यवस्थापन समितिमा निवेदन दिनु पर्नेछ ।

(२) सो निवेदनका आधारमा प्रसुती विदा उपभोग गर्ने शिक्षक तथा कर्मचारीले अस्पतालबाट प्राप्त जन्मदर्ता प्रमाणपत्र वा वडाबाट प्राप्त जन्मदर्ताको प्रमाणपत्रको आधारमा विद्यालय व्यवस्थापन समितिले प्रसुती विदा स्वीकृत गर्न सक्नेछ ।

**५. सट्टा शिक्षक अनुमति सम्बन्धमा :**

(१) प्रसुती विदाको निवेदन विद्यालयमा दर्ता भइसकेपछि दर्ता निवेदन, विद्यालयको पत्रका साथमा वडा शिक्षा समिति/वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा ९८ दिनको लागि स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापनको लागि विद्यालयले गाउँपालिकासमक्ष अनलाइन वा अफलाइन माध्यमबाट माग निवेदन दिनुपर्नेछ ।

(२) यसरी प्राप्त निवेदन उपर शिक्षा शाखाले आवश्यक यकिन गरी ९८ दिनको लागि सट्टा शिक्षक तथा कर्मचारी पदपूर्ति सम्बन्धी गाउँपालिकास्तरीय सूचना प्रकासन गरी प्राप्त आवेदकहरुको एकमुष्ठ विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

**६. सट्टा प्रसुती शिक्षक तथा कर्मचारी छनौट समिति :** यस कार्यविधि बमोजिम सट्टा शिक्षक छनौटका लागि देहाय बमोजिमको छनौट समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको प्रशासकीय अधिकृत स्तरको एकजना कर्मचारी -संयोजक

(ख) गाउँपालिकाको रोष्ट्रर सूचीमा सुचीकृत विषयगत शिक्षकमध्ये शिक्षा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट मनोनित एक जना विषय विज्ञ -सदस्य

(ग) गाउँ शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको एकजना कर्मचारी -सदस्य सचिव समितिको काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**७. छनौट प्रक्रियाः**

(१) स्थानीय तहले ७ (सात) दिनको म्याद राखी गाउँपालिको बेवसाइट र सम्बन्धित वडा कार्यालय सूचना पाटीमा समेत टास्ने गरी कम्तिमा न्यूनतम शैक्षिक योग्यता उत्तीर्ण गरेको योग्य नागरिकको लागि निवेदन आह्वान गर्नेछ । निवेदनको दस्तुर मंगला गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ । लाइसेन्स भएकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(२) सूचना बमोजिम प्राप्त निवेदनहरु गाउँपालिका शिक्षा शाखाले आवश्यक छानविन गरी स्वीकृत निवेदनहरुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नुपर्नेछ । प्रमुख प्रशासकीय

अधिकृतबाट थप रुजु गरी शिक्षक तथा कर्मचारी छनौट परिक्षाको मिति र समयतालिका प्रकाशन गरी तोकिएको छनौटका आधारमा समितिले सट्टा/स्वयंसेवक शिक्षक तथा कर्मचारी छनौट गर्नेछ ।

(३) छनौट समितिको सिफारिसमा छनौट भएका शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले प्रसुती शिक्षक तथा कर्मचारीको स्वीकृत ९८ दिन विदा अवधिको अन्तिम म्यादसम्म मात्र लागु हुने गरी गाउँपालिकाले अनुसूची-१ बमोजिमको करार सम्झौता गरी अनुसूची-२ बमोजिमको ढाँचामा नियुक्ति प्रदान गर्नेछ, भने सम्बन्धित विद्यालयले तीन दिनभित्र निज शिक्षकलाई विद्यालयमा हाजिरी गराई सोको जानकारी शिक्षा शाखामा गराउनुपर्नेछ ।

८. **छनौटका आधारहरु :** छनौट गर्न २ वटा मापदण्ड अपनाइनेछ । (दुई)

**(क) पहिलो खण्ड- शैक्षिक योग्यता र अनुभव (२५)**

(१) शिक्षण अनुभव -५ (२ वर्षसम्म भए २, ३-५ बर्षसम्म भए ३ र सो भन्दा माथि भए ५ अंक)

(२) न्यूनतम शैक्षिक योग्यता -१० प्रथम वा (GPA-२.८०-४.००-१० अंक), द्वितिय वा (GPA-२.००-२.७९-७ अंक), तृतीय वा (GPA-१.६०-१.९९- ४ अंक)

(३) माथिल्लो शैक्षिक योग्यता -५ (प्रथम ५, द्वितिय ३, तृतीय २)

(४) अध्यापन अनुमति पत्र बापत -५ अंक

**(ख) दोस्रो खण्ड -अन्तरवार्ता (२५)**

- विषयवस्तुको ज्ञानः १० अंक (सम्बन्धित विषय, पाठ्यक्रम, र शिक्षण विधि सम्बन्धी ज्ञान)
- व्यक्तित्व परीक्षण र सञ्चार सीपः ५ अंक (उम्मेदवारको बोल्ने शैली, हाउभाउ र आत्मविश्वास)
- प्रस्तुतीकरण तथा तार्किक क्षमताः ५ अंक (उत्तर दिने तार्किक क्षमता र शिक्षण कला)
- प्रविधि र समसामयिक ज्ञानः ५ अंक (सूचना प्रविधिको प्रयोग र शिक्षा क्षेत्रका समसामयिक विषय)

९. **नियुक्ति तथा प्रतिस्पर्धाका लागि अयोग्य ठहरिनेः** देहायको अवस्थामा शिक्षक तथा कर्मचारी नियुक्ति वा प्रतिस्पर्धाका लागि अयोग्य ठहरिनेछन्:

- नेपालको नागरिक नभएको व्यक्ति
- १८ वर्ष उमेर पूरा नभएको वा ४० वर्ष उमेर पूरा भएको व्यक्ति
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको वा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति

१०. **समय अवधि :** सट्टा शिक्षक तथा कर्मचारीको कार्य अवधि ९८ दिन हुनेछ । तर सो अवधि भित्र हिउँदे वर्षे तथा दशैं तिहार जस्ता लामो विदा पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाउने छ । र अन्य तिन दिन भन्दा कमको विदा परे सो दिन काम गरे सरह मानिनेछ ।

११. **सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन कोषः** मंगला गाउँपालिकाले एक प्रसुती सट्टा शिक्षक तथा कर्मचारी व्यवस्थापन कोष खडा गर्ने सक्नेछ । उक्त कोष खडा नभइन्जेलसम्म गाउँसभाबाट सालबसाली रुपमा विनियोजन गरेको कार्यक्रम तथा बजेटबाट कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन् ।

१२. **पारिश्रमिक :** प्रसुती सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारीले अध्यापन गराए बापत रुजु हाजिरीको आधारमा देहाय बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

| | |
|---|---|
| (१)प्राथमिक तह | रु. २००००/- (विस हजार रुपैयाँ) |
| (२)नि.मा.वि. तह | रु. २२५००/- (बाइस हजार पाँच सय रुपैयाँ) |
| (३)मा.वि. तह | रु. २६०००/- (छब्बिस हजार रुपैयाँ) |
| (४)उच्च मा.वि. तह | रु. ३००००/- (तीस हजार रुपैयाँ) |
| (५)आधारभूत र माध्यमिक तहका विद्यालय कर्मचारी र बालविकास सहजकर्ता | रु. १५०००/- (पन्ध्र हजार रुपैया) |

१३. **परीक्षा समितिको बैठक :** आवश्यकता अनुसार परीक्षा समितिको बैठक बस्नेछ । तर सट्टा स्वयेंवक शिक्षक छनौट गर्दाको बखत कम्तीमा २ वटा बैठक बस्नु पर्नेछ ।

१४. **बैठक भत्ता :** परीक्षा समितिलाई शिक्षक छनौट गर्दा बसेको २ (दुई) बैठकको पारिश्रमिक नियमानुसार गाउँपालिकाले नै उपलब्द गराउन सक्नेछ ।

१५. **प्रचलित कानून लागू हुने :** प्रसुती सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा प्रचलित मौजुदा शिक्षा नियमावली, २०५९ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन ,२०७५ मा उल्लेख भएमा सो बमोजिम र उल्लेख नभएको अवस्थामा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१६. **कार्यविधि संशोधन तथा परिमार्जन सम्बन्धमा :** मंगला गाउँपालिकाको गाउँ कार्यपालिकाले यस कार्यविधि आवश्यक परेमा परिमार्जन तथा संशोधन गर्नेछ ।

१७. **खारेजी तथा बचाउ :** यस कार्यविधि नेपाल सरकार र गाउँपालिकाको कार्यालय र मंगला गाउँपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको शिक्षा ऐन, २०७५ सँग बाझिन गएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

## अनुसूची -१
## ९८ दिने सट्टा/ स्वयंसेवक शिक्षक तथा कर्मचारीको लागि
## (करार सम्झौता)

मंगला गाउँकार्यपालिकाको कार्यालय, म्याग्दी (यसपछि पहिलो पक्ष भनिएको) र ................ जिल्ला, ............................ गाउँपालिका/नगरपालिका, वडा नं. ......., .....................बस्ने श्री .................................. (यसपछि दोश्रो पक्ष भनिएको) का बीच को प्रसुती स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

देहायः

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले सम्बन्धित शिक्षक/कमर्चारीलाई सम्बन्धित विद्यालयले तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई विद्यालयसँग समन्वय गरी गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान :** ................................

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिक :** प्रसुती सट्टा स्वयंसेवक शिक्षक तथा कर्मचारीले तोकिएको काम गरेबापत सम्बन्धित विद्यालय प्र.अ. बाट प्रमाणित भई आएको रुजु हाजिरीको आधारमा त्रैमासिक/कुल सेवा अवधि व्यतित भएपछि एकमुष्ठ रकम पहिलो पक्षले दोश्रो पक्षको बैङ्क खातामा मासिक ............. (अक्षरेपी ...............................................) पारिश्रमिक उपलब्ध गराउनेछ । तर सो अवधि भित्र हिउँदे वर्षे तथा दशैं तिहार जस्ता लामो विदा पर्न गएमा उपस्थित दिनको मात्र पारिश्रमिक पाइनेछ । र अन्य तिन दिन भन्दा कमको विदा परे सो दिन काम गरे सरह मानिनेछ ।

४. **आचरणको पालना :** दोश्रो पक्षले मंगला गाउँपालिका , म्याग्दीको शिक्षा ऐन, २०७५ र मौजुदा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

५. **विदा :** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक प्रति महिना भैपरी र पर्व विदा बापत १ दिन मात्र बिदा उपलब्ध गराउन सकिनेछ । सो बाहेक अन्य कुनै पनि किसिमको बिदा दाबी गर्न पाउने छैन । साथै विद्यालयको लागि आवश्यक परेको खण्डमा सार्वजनिक बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षको मूल्याङ्कन एवं सिफारिसमा सम्बन्धित विद्यालयलाई दिनु पर्नेछ ।

७. **गोप्यता :** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा संस्था वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षर्ति दोश्रो पक्षबाट भराईनेछ ।

८. **करार अवधि :** यो करार नियुक्त मिति ......................... गतेदेखि लागु भई सम्बन्धित शिक्षक तथा कर्मचारीको स्वीकृत ९८ दिने प्रसुती विदा अवधि समाप्त हुने अन्तिम दिनसम्म मात्र लागु हुनेछ ।

९. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ३ (तीन) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

१०. **दावी नपुग्ने :** दोश्रो पक्षले प्रसुती स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

११. **प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| गाउँपालिकाको तर्फबाट : | दोस्रो पक्ष (करार गर्ने व्यक्ति): |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छापः | मो.नं.- |

रोहबरः

**अनुसूची-२**
**नियुक्ति पत्र ढाँचा**

**विषय करार नियुक्ति :सम्बन्धमा।**

श्री ....................................................
ठेगाना..............................................
सम्पर्क नं...........................................

मंगला गाउँपालिकाको "प्रसुती विदामा स्वयंसेवक/सट्टा शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" बमोजिम श्री .................................................. मावि/आवि (वडा नं. .....) मा कार्यरत शिक्षक/कर्मचारी श्री .................................................... प्रसुती बिदामा बस्नुभएको अवधिमा अध्यापन/कार्य सम्पादन गर्नका लागि छनौट समितिको मिति २०८३/..../.... को निर्णय एवं सिफारिस अनुसार तपाईंलाई बढीमा ९८ (अन्ठानब्बे) दिनका लागि सट्टा शिक्षक/कर्मचारी पदमा नियुक्ति गरिएको छ ।

तपाईंको सेवा, सुविधा र शर्त गाउँपालिकासँग हुने करार सम्झौता बमोजिम हुनेछ।

तपाईंले यो नियुक्ति पत्र प्राप्त भएको मितिले ३ (तीन) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर भई कार्यभार सम्हाल्नुहुन सूचित गरिन्छ ।

तपाईंको कार्यकाल सफलताको कामना गर्दछौं।

..........................................
प्रमुख प्रशासकीय अधिकृत
मंगला गाउँपालिका

बोधार्थ तथा कार्यान्वयनार्थ :

श्री ....................................... मावि/आवि, मंगला-......., म्याग्दी । (निज शिक्षक/कर्मचारीलाई यो पत्र प्राप्त भएको मितिले ३ (तीन) दिनभित्र नियमानुसार विद्यालयमा हाजिरी गराई सोको लिखित जानकारी यस गाउँपालिकामा पठाउनुहुन)

श्री आर्थिक प्रशासन शाखा, मंगला गाउँपालिका, बाबियाचौर म्याग्दी ।

**आज्ञाले**
**अमृत दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**